थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


# दरभाउपत्र पेश गर्ने सम्वन्धी सूचना!

सूचना नं. १०७

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२५**

उपर्युक्त सबन्धमा यस थलारा गाउँपालिकाका लागि यसै साथ संलग्न Bid Document र स्पेसिफिकेशन बमोजिमको हाते ट्याक्टर आवश्यक परेको हुँदा ईच्छुक फर्म/कम्पनी/सप्लायर्सले आवश्यक कागजात सहित तपशिलमा उल्लिखित मिति, समय र स्थानमा दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. स. | दरभाउपत्र नं. | विवरण | लागत अनुमान रु. | सुचीकृत दस्तुर रु | दररेट पेश गर्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|---|---|---|
| १ | DP/TRM/16/2081/82 | हाते ट्याक्टर थान-१८ | ९,६७,५००/- | १००० | मितिः २०८२/०२/१<br>समयः अपरान्ह ५:०० बजे<br>स्थानः थलारा गा.पा. कार्यालय खोली बझाङ |

१. दररेट पेश गर्ने फर्म/सप्लायर्सले अनिवार्य रुपमा दरभाउपत्र पेश गर्ने सम्बन्धी ब्यहोराको लिखित निवेदन, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, प्यान/मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब.२०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रतिलिपी, BOQ र स्पेशिफिसन खुलाई शिलबन्दी गरी खाम बाहिर दरभाउ पत्रको नं. र पेश गर्नेको विवरण खुल्ने गरी पेश गर्नुपर्ने छ।ईमेल वा अन्य माध्यमबाट शिलबन्दी नभई पेश भएको दरभाउ मान्य हुने छैन ।

२. दररेट पेश गर्ने फर्म/ सप्लायर्सले थलारा गाउँपालिकाको आर्थिक ऐन,२०८१ मा भएको व्यवस्था बमोजिमको राजश्व रकम गाउँपालिकाको कुमारी बैंक लि. थलारा शाखामा रहेको आन्तरिक राजश्व खाता न १८४०१०२६१२३००००१ मा जम्मा गरी मौजुदा सूचीमा सूचीकृत भएको हुनुपर्नेछ।

३. पेश भएका दरभाउपत्रहरु मिति २०८२।२।१ गते दिउँसो ५:१५ बजे यस कार्यालयमा खोलिनेछ।

४. BOQ मा आफुले कबोल गरेको स्पेसिफिकेशन बमोजिमको दर अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखेर पेश गर्नु पर्ने छ। केरमेट भएको स्पेसिफिकेशन र दर मूल्यांकनमा समावेश गरिने छैन।

५. माथि उल्लिखित सामग्री यस कार्यालय सम्म पुर्‍याउने र जडान गर्ने जिम्मेवारी सम्बन्धित फर्म/सप्लायर्सको हुनेछ।

६. कार्यालयले माग गरेको स्पेसिफिकेशन अनुसार मेल नभएको दरभाउपत्र स्वीकृत गरिने छैन।

७. दरभाउ स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयलाई हुनेछ।

८. उक्त कार्यका लागि आवश्यक BOQ यस कार्यालयमा उपलब्ध हुनेछ र कार्यालयको वेबसाईट **www.thalaramun.gov.np** बाट पनि डाउनलोड गर्न सकिने छ।

९. यस सूचनामा उल्लेख नभएको कुरा प्रचलित कानुन बमोजिम हुनेछ। आपूर्ति र भुक्तानीका थप शर्तहरु कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

(प्रयाग राज पाध्या)
प्रमुख प्रशासकीय अधिकृत